# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३९ ) काठमाडौं, कार्त्तिक ७ गते २०४६ साल ( अतिरिक्ताङ्क ३६ ( क )

## भाग १

## शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट डेनमार्कको राजकीय भ्रमण पूरा गरिबक्सी स्वदेश फिरी बक्सँदा देशवासीका नाममा बक्सेको सन्देश ।

प्यारा देशवासीहरू,

१. डेनमार्कको राजकीय भ्रमण सम्पन्न गरी स्वदेश फर्किन पाउँदा हामीलाई खुशी लागेको छ । यस भ्रमणले डेनमार्ककी महारानी मार्गरेथ द्वितीयासँगको हाम्रो सम्पर्क नवीकरण गर्नुका साथै तहाँ रहेका नेपालका धेरै मित्रहरूसँग नयाँ सम्बन्ध स्थापना गर्नमा राम्रो अवसर प्रदान गरेको छ ।

२. डेनमार्कमा हामीले हाम्रा दुई मुलुकबीच रहेको सद्भावना र सौहार्दपूर्ण सम्बन्धलाई अझ सुदृढ गर्ने इच्छा भएको पायौं र यस कुराले हामीलाई प्रभाव पारेको छ । फलस्वरूप हाम्रो वर्तमान भ्रमणले नेपालप्रति सकारात्मक भावना श्रृजना गरेको छ भन्ने हाम्रो धारणा लिएर हामी स्वदेश फर्केका छौं । विश्वका सबै शान्तिप्रिय मुलुकहरूसँग मैत्री र असंलग्नताको सिद्धान्तमा आधारित नीतिको अनुसरण गर्दै नेपालले स्वतन्त्र भई

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

आफ्नो आदर्श र मान्यता अनुरूप अरूबाट धेरै कुराहरू सिकेर नेपालीको हित गर्न सक्छ भन्ने कुरामा हामीले विश्वास राखेका छौं । यस अवसरमा हामीबाट फ्रान्सका राष्ट्रपति महामहिम फ्रान्सवा मितराँ, साइप्रसका महामहिम राष्ट्रपति जर्ज भासिलियो र ग्रीस सरकारबाट भएको आतिथ्यको साथै उहाँहरूसँग भएको विचारको आदान प्रदानको लागि पनि धन्यवाद ज्ञापन गर्न चाहन्छौं ।

३. हाम्रो अनुपस्थितिमा हामीबाट गरिबक्सने कार्यमा हाम्रा भाइ श्री ५ अधिराजकुमार ज्ञानेन्द्र वीर विक्रम शाह तथा राजप्रतिनिधि परिषद्का अन्य सदस्यहरूबाट अभिभारा पूरा गरेकोमा धन्यवाद दिन चाहन्छौं । नेपालको ऐन कानून अनुसार मुलुकको दैनिक प्रशासनमा मन्त्रिपरिषद् र राष्ट्रसेवकहरूबाट गरेको कामको लागि पनि हामी धन्यवाद दिन चाहन्छौं । अन्तमा हामी सदा झैं देशको वृहत् हितलाई ध्यानमा राखी हाम्रा प्यारा देशवासीहरूबाट अनुशासन र सुव्यवस्था कायम गर्नमा लगनसाथ कार्य गरेकोमा धन्यवाद दिन चाहन्छौं ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् !

जय नेपाल !

हुकुम बक्से बमोजिम,
रेवतीरमण खनाल
श्री ५ महाराजाधिराजका सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४२८